बैठक नं. ३४

आज मिति २०८० साउन ७ गते, आइतबार बिहान ११:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णाप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बिजय कुमार शर्मा

विषयहरु :

१. चिनियाँ प्रतिनिधि मण्डललाई स्वागत सम्बन्धमा ।

२ विविध ।

निर्णयहरु

१. साँस्कृतिक नगर भक्तपुर भ्रमणका लागि चिनियाँ कम्युनिष्ट पार्टीका पोलिटब्यूरो सदस्य श्री युयान च्याचुनको नेतृत्वमा आउनु हुने उच्चस्तरीय प्रतिनिधि मण्डललाई भक्तपुर नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु सहभागी भई निम्न मिति, समय र स्थानमा विभिन्न सांस्कृतिक झांकीसहित स्वागत गर्ने निर्णय गरियो :

मिति : २०८०।४।८ गते, सोमबार

समय : दिनको ४:०० बजे

स्थान : भक्तपुर दरवार क्षेत्र, प्रवेशद्वार खौमा ।

२. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाद्वारा संचालित बा १ क ८१५६ नं.स्काईभाइटर चेन डोजरमा हाइड्रोलिक पाईप तथा हाइड्रोलिक फेरे वापत रु.९६,८९७।५० हाम्रो हेभी ईकुपमेन्ट वर्कशप प्रा.लि.लाई भुक्तानी दिने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.१,००,८८०।७५ सूर्यविनायक पार्टी भेनूलाई भुक्तानी दिने निर्णय गरियो ।